# मिति २०८२ साल असोज ०७ गतेको कार्यपालिका बैठकको निर्णयहरु

१) यस गाउँपालिकाको चालू आ.व. ०८२।०८३ को बार्षिक बजेटमा विनियोजन गरेको विपद व्यवस्थापन शिर्षकमा बिनियोजिम बजेट रु बिस लाखबाट यस गाउँपालिका भित्र बर्षातको समयमा बिग्रेका सडक तथा गोरेटो बाटोहरु मर्मत गरि सेवा सुचारु गर्दा निम्न शिर्षकमा भएको खर्चको भुक्तानी दिने र बाँकी रहेको सडक सरसफाई पालिकाको दुबै स्काभेटर प्रयोग गरि बाटो सफाई गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) वडा नं ५ को रोङ्गा तिम्बुसिङ चिलिमे सडकमा भएको जाली भर्ने कार्य

ख) वडा नं ५ को थाम्बुचेत हुँदै गत्लाङ जाने सडकको पहिरो सरसफाई कार्य

ग) वडा नं ३ को ने.रा.मा.वि.मुनीको सडक भासिएको स्थानमा जाली भर्ने कार्य

घ) वडा नं ३ को सगर देखि गोदाम सडकमा सडक भासिएको स्थानमा जाली भर्ने कार्य

ङ) बहुङडाँडा चौहत्तर सोमदाङ सडक खण्डको पहिरो सरसफाईको कार्य

च) वडा नं ४ को गोल्जुङ जाने सडकमा बाढिले बिग्रेको सडक मर्मत कार्य

छ) वडा नं ४ को बहुनडाँडाबा स्यो ग्रे नेसिङ सडक मर्मत कार्य

ज) वडा नं १ को हाकुबेशी पाङलिङ ठुलोहाकु सडक मर्मत कार्य

झ) वडा नं ५ को तातोपानी, टेटाङ्चे, पाजुङ, गोङगाङ, ब्राजम सडक मर्मत कार्य ।

२) चालु आ.व. ०८२।०८३ को बजेटमा यस गाउँपालिकाको कृषि तथा पशु सेवा शाखा रहेको पुरानो भवन भत्काई नयाँ भवन निर्माणको लागि रु पन्चानब्ले लाख बिनियोजन गरेकोले उक्त भवन भत्काउन लाग्ने खर्च समेत ल.ई.मै समावेश गरि दशै बिदा पछि उ.स./ठेक्का मार्फत निर्माण कार्य शुरु गर्ने ।

३) यहि आउँदो २०८२ सालको बिजया दशमी र तिहारको बिदाको समयमा कार्यालय बन्द रहने हुँदा उक्त समयमा कार्यालयको सुरक्षार्थ कार्यालयको का.स.हरुलाई मिति तथा समय तोकी प्रमुख प्रशासकीय अधिकृतले पालोपहरामा खटाउने ।

४) कृषि तथा पशुसेवा शाखाको नयाँ भवन निर्माणको लागि भवन भत्काउनु पर्ने भएकोले उक्त भवन निर्माण नहुन्जेल कृषि तथा पशु शाखा, रोजगार सेवा केन्द्र लगायतका शाखाहरुलाई भाडा लिएको घरबाट सेवा प्रवाह गर्न सहजिकरण गर्ने ।

५) गाउँपालिकाका सबै जनप्रतिनिधि तथा कर्मचारीले जिन्सी सामानहरु मध्ये सवारी साधन माग गर्दा अनिवार्य रुपमा सवारी चालक अनुमती पत्र जिन्सी शाखामा पेश गर्नु पर्ने ।

६) स्काभेटर मर्मतको लागि खर्च भएको रकम मक्कु इन्टरनेशनल प्रा.लि. र इभानीलाई नियमानुसार भुक्तानी दिने ।

७) बिगत लामो समय देखि शिक्षण पेशामा आवद्ध रहेका तथा बिगत तिन बर्ष देखि शिक्षा शाखामा समेत कामकाज गरेका एमआईएस अपरेटर श्री राजेन्द्र प्रसाद आचार्यलाई आमाछोदिङमो गाउँपालिका शिक्षा ऐन, २०८१ को दफा २३ बमोजिम थप जिम्मेवारी सहित श्रोत व्यक्तिको रुपमा तोक्ने।

आमाछोदिङमो गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
गोल्जुङबेंशी, रसुवा
बागमती प्रदेश, नेपाल

ऋषिकेश अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत